Regd. No.: 392/047/048

महिला पुनर्स्थापना केन्द्र (ओरेक)
Women's Rehabilitation Center (WOREC)

मासिक प्रतिवेदन असार-२०७६ मिति २०७६ श्रावण ७

*असार महिनामा मात्रै १२१ जना महिलामाथि हिंसा*

महिलामाथि हुने हिंसाले महिलाको स्वतन्त्रता, मर्यादित र समाजमा आत्मसम्मान सहित बाँच्न पाउने अधिकार, समानताको अधिकार, यातना र भयमुक्त भई जीवन जिउन पाउने अधिकार जस्ता आधारभूत अधिकारहरू कुण्ठित गरेको छ। घरदेखि सार्वजनिक स्थलमा समेत बढिरहेका हिंसाका घटनाका तथ्याङ्कले महिलाको शारीरिक, मानसिक स्वास्थ्यका साथै आत्मसम्मान, परिवार र अन्तत समाजमा प्रत्यक्ष असर पारेको छ।

विषयवस्तु

ओरेक नेपालले असार महिनामा आफ्नो कार्यालयमा अभिलेखिकरण गरेका (८०) तथा विभिन्न राष्ट्रिय पत्रपत्रिकाहरुबाट प्राप्त (४१) तथ्याङ्कका आधारमा १२१ वटा लैङ्गिक विभेदमा आधारित हिंसाको तथ्याङ्क संकलन भएको छ।

क) हिंसाको प्रकार




ओरेकले अभिलेखीकरण गरेको तथ्याङ्कलाई विश्लेषण गर्दा असार महिनामा ५७ वटा (४७ प्रतिशत) घरेलु हिंसाको तथ्याङ्क संकलन भएको छ। यसैगरी २७ वटा (२२ प्रतिशत) बलात्कार, १४ वटा (१२ प्रतिशत) सामाजिक हिंसाको घटना भएको पाइएको छ। यसरी नै १० वटा (८ प्रतिशत) हत्या, ६ वटा (५ प्रतिशत) यौन दूर्व्यवहार, ३ वटा (२ प्रतिशत) बलात्कारको प्रयास, २ वटा मानव बेचविखनका घटना, १ जना महिलाले लैंगिक विभेदका कारणले आत्महत्याको प्रयास गरेको घटना र १ जनालाई अनलाइन मार्फत हिंसा भएको तथ्याँक संकलन भएको छ।

ख) प्रभावितको उमेरको आधारमा बर्गीकरण




उमेरको आधारमा विश्लेषण गर्दा असार महिनामा मात्रै सबैभन्दा धेरै ३७ जना (३१ प्रतिशत) १७ देखि २५ वर्ष उमेर समूहका बालिका, किशोरी र युवा महिलाहरु बढी हिंसाको जोखिममा रहेको पाइएको छ । यसपश्चात हिंसामा पर्ने सबै भन्दा बढी ३२ जना (२६ प्रतिशत) २६ देखि ३५ वर्ष उमेर समुहका महिलाहरु रहेका छन् । यसैगरी २९ जना (२४ प्रतिशत) १६ बर्षभन्दा कम उमेरका बालिका तथा किशोरीहरु, १० जना (८ प्रतिशत) ३६ देखि ४५ वर्ष उमेर समुहका महिलाहरु हिंसाबाट प्रभावित रहेका छन् ।

ग) आरोपितको उमेरको आधारमा बर्गीकरण




यस्तै, हिंसामा संलग्न पुरुषहरुको उमेरको विश्लेषण गर्दा सबैभन्दा धेरै १७ देखि २५ वर्ष उमेर समुहका ३६ जना (३० प्रतिशत) युवाहरु रहेका छन् । यसैगरी ३० जना (२५ प्रतिशत) २६ देखि ३५ बर्ष उमेर समुहका र २२ जना (१८ प्रतिशत) ३६ देखि ४५ वर्ष उमेर समुहका पुरुषहरु हिंसामा संलग्न भएको पाइएको छ ।

घ) प्रभावित र आरोपितको सम्बन्ध




प्रभावित र आरोपितको सम्बन्धलाई बिश्लेषण गर्दा, सबैभन्दा बढी ४८ वटा (४० प्रतिशत) हिंसा श्रीमानबाट भएको छ भने २१ वटा (१७ प्रतिशत) हिंसाका घटना छिमेकीबाट र १९ वटा (१६ प्रतिशत) परिवारका सदस्यवाट भएको पाइएको छ ।

<u>निष्कर्ष</u>

तथ्याङ्कलाई आधार मान्दा अघिल्लो महिनामा झैँ महिलाहरु आफ्नो घरमा नै बढी हिंसाको जोखिममा रहेको पाइएको छ । यसैगरी ३५ वर्षभन्दा कम उमेर समुहका बालिका, किशोरी तथा महिलाहरु हिंसा बाट प्रभावित रहेको र १७ देखि ३५ वर्ष उमेर समुहका युवाहरु हिंसाको प्रमुख जिम्मेबार भएको पाइएको छ । यसले समाज परिवर्तनमा लाग्नुपर्ने युवाहरु नै हिंसाको लागि जिम्मेवार भइदिँदा समाज परिवर्तनसंगै देशको विकासमा बाधा पुऱ्याउने देखिन्छ । त्यसैले यसको प्रमुख कारणको खोजी र समाधानका उपायहरु सहित अगाडी बढ्न जरुरी छ ।

लुभराज न्यौपान
कार्यकारी निर्देशक